# गृह प्रशासन सुधार एवं सुदृढीकरण

# कार्ययोजना

# २०७१

**गृह मन्त्रालय**

सिंहदरवार, काठमाडौं

२०७१ कार्तिक १० गते

# विषयसूची


परिच्छेद १ ४

१.१ पृष्ठभूमी ४

१.२ गृह प्रशासनका आधारभूत सिद्धान्त तथा मान्यताहरु ४

१.३ गृह प्रशासनको उद्देश्य तथा कार्यक्षेत्र ५

१.४ गृह प्रशासनको परिवर्तित भूमिका ६

परिच्छेद २ ८

(क) वर्तमान सरकारको कार्यकालका प्रमुख नीतिगत सुधार तथा प्राप्त उपलब्धिहरु ८

२.१ शान्ति सुरक्षा तथा गुण्डागर्दी नियन्त्रण ८

२.२ फुटपाथ व्यापार व्यवस्थापन ९

२.३ अध्यागमन व्यवस्थापन ९

२.४ कारागार व्यवस्थापन १०

२.५ जिल्ला प्रशासन तथा सेवा प्रवाह ११

२.६ प्रहरी प्रशासन ११

२.७ सशस्त्र प्रहरी १२

२.८ ट्राफिक व्यवस्थापन १२

२.९ लागू औषध नियन्त्रण १३

२.१० विपद् व्यवस्थापन १३

२.११ मानव अधिकार संरक्षण तथा प्रबर्द्धन १४

२.१२ विविध १४

(ख) गृह प्रशासनमा हाल देखिएका प्रमुख चुनौति/समस्याहरु १५

२.१ शान्ति सुरक्षा तथा अपराध अनुसन्धान १५

२.२ अध्यागमन तथा शरणार्थी व्यवस्थापन १६

२.३ कारागार व्यवस्थापन १६

२.४ ट्राफिक व्यवस्थापन १७

२.५ लागू औषध १७

२.६ विपद व्यवस्थापन १७

२.७ सीमा व्यवस्थापन १८

२.८ स्थानीय प्रशासन र सेवा प्रवाह १८

२.९ मानव अधिकार संरक्षण तथा प्रबर्द्धन १८

२.१० सँस्थागत समस्याहरु १९

परिच्छेद ३ २०

(क) आगामी दिनको कार्ययोजना २०

३.१ शान्ति सुरक्षा तथा अपराध अनुसन्धान २०

३.२ अध्यागमन व्यवस्थापन २१

३.३ कारागार व्यवस्थापन २२

३.४ ट्राफिक व्यवस्थापन २३

३.५ लागू औषध नियन्त्रण २४

३.६ विपद् व्यवस्थापन २४

३.७ सीमा व्यवस्थापन २५

३.८ जिल्ला प्रशासन र सेवा प्रवाह २६

३.९मानव अधिकार संरक्षण तथा प्रबर्द्धन २७

३.१० कानूनी तथा नीतिगत सुधार २८

३.११ गृह मन्त्रालय र अन्तर्गत निकायहरुको संस्थागत सुधार २८

(ख) कार्ययोजनाको कार्यान्वयन २९

३.१ कार्यान्वयन विधि २९

३.२ बजेट व्यवस्था ३०

३.३ अनुगमन व्यवस्था ३०

# परिच्छेद १

## १. पृष्ठभूमी

आधुनिक राज्यको शुरुवात राजा पृथ्वीनारायण शाहले गरेका भए पनि राज्यको शासन प्रशासन सम्बन्धी अवधारणा २००७ सालको क्रान्तिपछि मात्र विकसित भएको मानिन्छ । सो क्रान्तिबाट राजनीतिक क्षेत्रमा अत्यन्त प्रभावकारी परिवर्तन भए पनि सामाजिक आर्थिक क्षेत्रको सो अनुरुप रुपान्तरण हुन नसक्नाले राजनीतिक परिवर्तन पनि सँस्थागत हुन सकेन । तर क्रान्तिले नै नेपालमा पहिलो पटक नागरिक अधिकार, संविधानिक प्रणालीको शुरुवात, कानूनी राज, शक्ति पृथकीकरण, आवधिक निर्वाचन जस्ता उदार प्रजातन्त्रका मान्यताहरुलाई स्थापित गरेको हो ।

२००७ सालको क्रान्तिपछि बनेको पहिलो मन्त्रिमण्डलमा पहिलो पटक छुट्टै मन्त्रालयको रुपमा गृह मन्त्रालय खडा भई पहिलो पटक विश्वेश्वरप्रसाद कोइराला गृह मन्त्री बन्नु भयो । २००७ सालदेखि २०१७ सालसम्मको अवधि राजनीतिक संक्रमणमा वित्यो । २०१७ सालको प्रतिगमनकारी शाही कदमपछि ३० वर्षे पञ्चायतको नाममा गरिएको प्रत्यक्ष शाही शासनकालमा गृह प्रशासनलाई सो शासन प्रणाली जोगाउने उद्देश्यमा केन्द्रित गरियो । २०४७ सालको परिवर्तनपछि बनेको अन्तरिम सरकारको समयमा गृह प्रशासनमा व्यापक सुधारको अवसर थियो तर सो अनुरुप हुन सकेन । २०५२ सालबाट आरम्भ भएको माओवादी द्वन्द र त्यसपछिका १० वर्षमा भएका सशस्त्र द्वन्दको समयमा गृह प्रशासनको ध्यान द्वन्द व्यवस्थापनमै केन्द्रित हुनुपरेकोले सँस्थागत सुधारको काम हुन सकेन ।

२०६३ सालको ऐतिहासिक जनक्रान्ति पछि अहिले मुलुक संघीय, लोकतान्त्रिक, समावेशी, गणतन्त्रात्मक राज्यमा रुपान्तरण हुने क्रममा छ । राज्यको पुनर्सरचना हुँदा गृह प्रशासनको पनि पुनर्सरचना गर्नुपर्ने स्पष्ट छ । त्यसैले पुनर्सरचनाको यो संक्रमणकालमा गृह प्रशासनका उद्देश्य, रणनीति तथा प्राथमिकताहरु के के हुन भन्ने कुरा स्पष्ट गर्न र गृह प्रशासनको सञ्चालन सोही अनुरुप गर्न यो कार्ययोजना स्वीकृत गरी लागू गरिएको छ ।

यो कार्ययोजना सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६५, गृह प्रशासन सुदृढीकरण कार्ययोजना २०६८, वर्तमान सरकारको सहमतिको न्युनतम साझा कार्यक्रम, नेपाल सरकारको यस आ.व.का लागि घोषित नीति तथा कार्यक्रम तथा २०७१ श्रावणमा नेपालगञ्ज, वीरगञ्ज, धुलिखेल, विराटनगर र पोखरामा सम्पन्न क्षेत्रीय सुरक्षा गोष्ठीहरुबाट प्राप्त सुझावहरु समेतका आधारमा तयार गरिएको हो ।

## २. गृह प्रशासनका आधारभूत सिद्धान्त तथा मान्यताहरु

राज्यको शक्ति वा शासन व्यवस्थाको अख्तियार खास खास किसिमका राजकीय संयन्त्रहरुमा बिभाजित रहेको हुन्छ । राज्यको शक्ति व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा बिभाजित भएको हुन्छ । मुलुकको आन्तरिक सुरक्षा एवं कानूनको परिपालना र व्यवस्था कायम गर्ने कुरालाई राज्यको प्रमुख जिम्मेवारी मानिन्छ । कार्यपालिका भित्रको यो सबैभन्दा प्रमुख जिम्मेवारी गृह प्रशासनको हुन्छ ।

- सरकारको जिम्मेवारी सम्पादन गर्ने कार्यमा वा राज्य सञ्चालनको सम्बन्धमा गृह प्रशासनले समूचित शान्ति सुरक्षाको प्रवन्धद्वारा नागरिकले आफ्नो अधिकारको निर्वाध रुपमा प्रयोग गर्न सक्ने अवस्था सृजना गर्दछ ।
- सरकारका विविध प्रशासनिक व्यवस्थाहरुको निर्वाध सञ्चालनका लागि आवश्यक पर्ने वातावरणको सृजना गर्दछ ।

- राज्यको तर्फबाट नागरिकलाई प्रदान गर्ने सबै किसिमका सेवाहरुको समन्वय गर्ने कार्य गृह प्रशासनले गर्दछ ।
- राज्यको सार्वभौमसत्ता र नागरिक स्वतन्त्रताको संरक्षणको आधारभूत कार्य गृह प्रशासनले गर्दछ ।
- राज्यको प्रहरी शक्तिको निर्माण, सञ्चालन, नियन्त्रण र रेखदेखको कार्य गृह प्रशासनले गर्दछ ।
- स्थानीय तहमा राज्यको प्रतिनिधित्व गृह प्रशासनले गर्दछ ।

## ३. गृह प्रशासनको उद्देश्य तथा कार्यक्षेत्र

जनताको जीउ, धन, र व्यक्तिगत स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हो । राज्यको यो उद्देश्य पूरा गर्न मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी रहेको छ ।
गृह प्रशासनका मूलभूत कार्यहरु निम्न बमोजिम रहेका छन्ः-

- राष्ट्रको आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने ।
- प्रहरी प्रशासनको सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण, रोकथाम र अनुसन्धानको काम गर्ने ।
- आन्तरिक सुरक्षा सुदृढ गरी संभावित विद्रोह वा आन्तरिक सुरक्षामा हुन सक्ने सबै प्रकारका गतिविधि नियन्त्रण गर्ने ।
- हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने ।
- अध्यागमन व्यवस्थापन तथा नियन्त्रण गर्ने ।
- नागरिकहरुलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने ।
- शरणार्थीहरुको व्यवस्थापनको काम गर्ने ।
- दैवी प्रकोप नियन्त्रण एवं दैवी प्रकोपबाट पीडित व्यक्ति एवं संम्पत्तिको उद्धार तथा संरक्षण गर्ने ।
- गैर सरकारी सँस्थाहरुको दर्ता तथा प्रशासन सम्बन्धी काम गर्ने ।
- ट्राफिक व्यवस्थापन गर्ने ।
- बिभिन्न किसिमका भेदभाव वा कुरीतिहरुको माध्यमबाट हुन सक्ने मानव अधिकार हननका कृयाकलापहरुलाई नियन्त्रण गरी नागरिकहरुले निर्वाध मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने ।
- लागू औषधको नियन्त्रण गर्ने ।
- मुलुकको बाहृय तथा आन्तरिक सुरक्षा, शान्ति र व्यवस्थामा असर पार्ने संभावित कृयाकलाप सम्बन्धमा सूचना संकलन गर्ने ।
- मुलुकको सीमा संरक्षण तथा संगठित वा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने ।

## ४. गृह प्रशासनको परिवर्तित भूमिका

२०६२/६३ को जनक्रान्तिबाट प्राप्त उपलब्धिलाई सँस्थागत गर्दै नेपाललाई एक्काइसौं शताव्दी अनुकुलको संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित गर्न एउटा प्रस्थान बिन्दूको रुपमा रहेको संविधान निर्माणको काममा गृह प्रशासन अन्तर्गतका निकायहरुले आ-आफ्नो ठाउँबाट सक्दो सहयोगी भूमिका निर्वाह गर्नु आवश्यक छ ।

राज्यको परम्परागत मान्यतामा अहिले व्यापक परिवर्तन भएको छ । राज्य अब जनतामाथि शासन गर्ने सँस्था नभई जनताको सेवा गर्ने सँस्थाको रुपमा रुपान्तरिक भएको छ । अब राज्यको सम्पूर्ण ध्यान जनताको सेवामा केन्द्रित हुनुपर्नेछ । त्यसैले अब राज्यका सबै कृयाकलाप जनतालाई बढी भन्दा बढी सेवा पुग्ने कुरामा केन्द्रित हुनु आवश्यक छ ।

शान्ति र अमन चयन कायम गरी जनताले मानव अधिकारको निर्वाध उपभोग गर्ने वातावरण सृजना गर्ने मुख्य जिम्मेवारी भएको गृह प्रशासनले पनि अब शान्ति र व्यवस्था कायम गर्ने नियन्त्रणात्मक भूमिकाबाट आफूलाई बदल्नु आवश्यक छ । यसका लागि गृह प्रशासनबाट गरिने कुनै पनि कृयाकलापबाट जनतालाई बढी भन्दा बढी सेवा सुबिधा पुग्ने कुरामा ध्यान केन्द्रित हुनु पर्दछ । शान्ति र सुरक्षा कायम गर्दा वा अपराधको अनुसन्धान गर्दा कुनै पनि किसिमले मानवअधिकारको हनन नहुने कुरामा सुनिश्चित गर्नु पर्दछ ।

प्रमुख जिल्ला अधिकारीहरु स्थानीयस्तरमा राज्यको प्रमुख प्रतिनिधिको रुपमा रहने भएकोले स्थानीयस्तरमा हुने विकास तथा निर्माण सम्बन्धी कार्यहरु, बस्तु तथा सेवाको आपूर्ति जस्ता कुरामा प्रमुख जिल्ला अधिकारीको समन्वयकर्ता तथा सहजकर्ताको भूमिका प्रभावकारी रुपमा स्थापित हुनु आवश्यक छ ।

सुरक्षा र विकास एक अर्काका पूरक हुन् । कुनै पनि ठूला वा साना विकास परियोजना निर्वाध सञ्चालनका लागि स्थानीयस्तरमा शान्ति सुरक्षाको स्थिति सुदृढ हुनु जरुरी हुन्छ । त्यसैले ठूला परियोजनाहरुको तर्जुमा, कार्यान्वयन तथा सञ्चालनमा सुरक्षा खर्च समेत व्यवस्था गर्ने प्रचलन स्थापित गर्नु आवश्यक छ ।

सार्वजनिक कृयाकलापहरुमा निजी क्षेत्रको भूमिका व्यापक बन्दै गएको छ । बिभिन्न किसिमका सामाजिक कृयाकलापहरुमा गैर सरकारी क्षेत्रको भूमिका अग्रणी रहँदै आएको छ । बस्तु र सेवाको आपूर्तिमा निजी क्षेत्रले नै बढी संलग्न छ । गैर सरकारी सँस्थाहरुबाट हुने क्रियाकलापहरुलाई अझ बढी समन्वयात्मक रुपमा सञ्चालन गर्दा बढी प्रभावकारी हुने कुरा निश्चित छ । निजी क्षेत्रको निरन्तर अनुगमन आवश्यक छ । गैर सरकारी तथा निजी क्षेत्रको समन्वय, अनुगमन तथा सहजीकरणमा गृह प्रशासनको भूमिकालाई सकृय पार्नु अत्यावश्यक छ ।

बिभिन्न किसिमका सामाजिक भेदभाव तथा कुरीतिहरुबाट मानव अधिकारको उल्लंघन हुने मात्र नभई सार्वजनिक शान्ति र व्यवस्थामा समेत प्रतिकूल असर पर्ने भएकोले गृह प्रशासन अन्तर्गतका निकायहरुले त्यस्ता भेदभाव र कुरीतिहरु निर्मूल गर्ने काममा अग्रणी भूमिका निर्वाह गर्नु आवश्यक छ ।

मुलुकमा राजतन्त्रको उन्मुलन भई गणतन्त्र स्थापित भैसकेको छ । मुलुक एकात्मक स्वरुपबाट संघीय र समावेशी स्वरुपमा रुपान्तरिक हुने क्रममा छ । त्यस्तै राज्यले अझ खासगरी गृह प्रशासनले आफ्नो नियन्त्रणात्मक भूमिकालाई अब जनमूखी, सेवा मूखी र मानव अधिकारको प्रमुख संरक्षकको भूमिकाको रुपमा रुपान्तरित गर्नु आवश्यक छ । यसरी गृह प्रशासन संरचनात्मक, सँस्थागत र मनोवैज्ञानिक रुपमा पनि संक्रमणको अवस्थामा रहेको छ । यसका केही चुनौतिहरु रहेका छन् ।

- संविधान घोषणा पछिको राज्यको शासकीय र प्रशासनिक रुपान्तरणका सन्दर्भमा केन्द्रीय गृह प्रशासन र प्रान्तीय गृह प्रशासन बीचको समन्वय र सहकार्यको संयन्त्र निर्माणको कार्य प्रारम्भ गरिसक्नु पर्ने भएको छ ।
- राज्यको प्रहरी प्रशासनलाई राज्यको रुपान्तरित अवस्थाको सन्दर्भमा कसरी सञ्चालन गर्ने भन्ने बारेमा संक्रमणकालिन योजनाको तर्जुमा तथा तयारी आवश्यक छ ।
- गृह प्रशासनलाई राज्यको बदलिँदो स्वरुप र भूमिका अनुकुल सेवामूखी र जनमूखी निकायको रुपमा मनोवैज्ञानिक तवरबाट रुपान्तरित गर्नु आवश्यक छ ।

# परिच्छेद २

## (क) वर्तमान सरकारको कार्यकालका प्रमुख नीतिगत सुधार तथा प्राप्त उपलब्धिहरु

सर्वसाधारण जनतालाई शान्ति र सुरक्षा प्रदान गर्ने एवं मुलुकमा स्वच्छ, पारदर्शी र भ्रष्टाचार रहित प्रशासन स्थापित गरी सुशासन बहाली गर्ने वर्तमान संयुक्त सरकारको एउटा प्रमुख प्राथमिकता हो । मुलुकमा शान्ति र सुव्यवस्था बहाल गराउन हत्या, लुटपाट, अपहरण, चन्दा आतंक, गुण्डागर्दी जस्ता आपराधिक प्रवृत्तिका घटनाहरु पूर्ण रुपमा नियन्त्रण,दण्डहीनताको अन्त्य र मानव अधिकारको बहाली सुनिश्चित गर्ने कुरामा गृह मन्त्रालयको ध्यान मूलभूत रुपमा केन्द्रित रहेको छ । यसका लागि सुरक्षा संयन्त्रमा सर्वसाधारणको सहज पहुँच सुनिश्चित गर्दै सुरक्षा निकायप्रति जनताको भरोसा र विश्वास अभिबृद्धि गर्ने कुरामा जोड दिइएको छ । सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवामा जनताको पहुँचलाई सहज र सुव्यवस्थित गर्दै सेवा प्रवाहमा प्रभावकारिता, जवाफदेहिता र पारदर्शिता कायम गर्ने कार्यमा पनि गृह मन्त्रालय उत्तिकै गंभीर र सक्रिय रहेको छ । उद्योग व्यवसाय एवं कलकारखानाको निर्वाध सञ्चालनको लागि आवश्यक शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने कार्य पनि गृह मन्त्रालयको प्राथमिकताको क्षेत्र भित्र रहेको छ ।

वर्तमान सरकार र गृह मन्त्रालयका यिनै प्राथमिकतालाई ध्यानमा राखी माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीले आफ्नो पदबहाली गरेपछि गृह मन्त्रालय तथा मातहतका निकायहरुलाई गृह प्रशासनसँग सम्बन्धित विषयहरुमा २२ बुँदे निर्देशन दिनु भएको थियो । यिनै कुराहरुको आधारमा गृह मन्त्रालयले सरकारको कार्यकालको १०० दिनमा सम्पन्न गरिने कामहरुको कार्ययोजना समेत तयार गरी कार्यान्वयन गरेको थियो ।

उपर्युक्त कार्ययोजनाको कार्यान्वयनबाट हालसम्म निम्न उपलब्धिहरु हासिल भएका छन्:-

### १.१ शान्ति सुरक्षा तथा गुण्डागर्दी नियन्त्रण

- गुण्डागर्दी काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा एउटा गंभीर समस्याको रुपमा विकसित भएको थियो । गुण्डागर्दीको आडमा चोरी, डकैती, अपहरण, फिरौति माग्ने, ठेक्कापट्टा कब्जा गर्ने जस्ता अपराध बृद्धि भैरहेको थियो । त्यसैले गुण्डागर्दीलाई नियन्त्रण गर्न गुण्डागर्दी नियन्त्रण सम्बन्धी छुट्टै कार्ययोजना तयार गरी अभियानको रुपमा देशभर विशेष अभियान नै सञ्चालन गरिएको छ । यसका लागि प्रभावकारी प्रहरी कारवाही चलाउनुका साथै गुण्डागर्दी नियन्त्रण गर्ने विशेष दस्ता समेत परिचालन गरिएको छ ।
- वेश्यावृत्ति, जुवा, तास जस्ता सामाजिक अपराध नियन्त्रण गर्न होटल, लजमा नियमित तथा, आकस्मिक जाँच गर्नुका साथै कडाईका साथ कानुनी कारवाही गर्न अभियान सञ्चालन गरिएको छ ।
- काठमाडौं उपत्यका लगायतका शहरी क्षेत्रहरुमा हुने चोरी डकैति जस्ता अपराध नियन्त्रण गर्न क्रस पेट्रोलिङ, क्रस वोर्डर पेट्रोलिङ, लङरेन्ज पेट्रोलिङ, अँधेरी गस्ती, ग्रामिण गस्तीलाई प्रभावकारी रुपमा लागू गरिएको छ ।

- काठमाडौं उपत्यका प्रवेश नाका नागढुंगामा अत्याधुनिक सि.सि.टि.भी. जडान गरी चेक जाँचको व्यवस्था मिलाइएको छ र अन्य नाका फर्पिङ, छैमलेबाट मकवानपुर जाने बाटो, वाँडभञ्ज्याङ नाङ्लेभारेबाट सिन्धुपाल्चोक जाने बाटो, डाँडाकटेरीबाट मानचुली लेक जाने बाटो, बुढानिलकण्ठबाट फेदीखोला हुँदै नुवाकोट जाने बाटो, सुन्दरीजलबाट नुवाकोट जाने बाटोहरुमा नाका सुरक्षा योजना बनाई कुनै पनि अपराधिक क्रियाकलाप हुन गर्न नदिने व्यवस्था मिलाइएको छ ।
- राजमार्ग सुरक्षा तथा उद्धारको लागि ७६ स्थानहरुमा IRT (Immediate Response Team) खटाइएको छ ।
- २०७० फागुनदेखि २०७१ जेष्ठ २९ गतेसम्ममा १५७४ जनालाई पक्राउ गरी कानून बमोजिम कारवाही चलाइएको छ । यस मध्ये कर्तव्य ज्यान मुद्दामा २४३, डाँका मुद्दामा ३९, अपहरण मुद्दामा ६६, जिउ मास्ने बेच्ने मुद्दामा ७२, जवर्जस्ती करणी मुद्दामा २६४, लागु औषध मुद्दामा ७६३, विष्फोटक पदार्थ मुद्दामा २, हातहतियार खरखजाना मुद्दामा १२५ जनालाई नियन्त्रणमा लिई कानून बमोजिम कारवाही चलाइएको छ ।
- यस अवधिमा विभिन्न क्षेत्रबाट तस्करी गरिएको सुन ३८ किलो ९६० ग्राम बरामद गरिएको छ भने अवैध विदेशी मुद्रा अमेरिकन डलर ३,९७१२८।-, यूरो १,१६,८४०।-, पाउण्ड स्टर्लिङ १९२८०।-, क्यानडियन डलर ३,५७०।-, अष्ट्रेलियन डलर १४,१५०।-, जापानीज यान ७२,००,०००।-, चाइनिज यान ७८,३५०।-, फ्रान्सको मुद्रा ६,०६०।-, हङकङ डलर १०,६५०।-, सिंगापुर डलर १,७५७-, भारतीय रुपैयाँ २७,०००।- बरामद गरी कानून बमोजिम कारवाही चलाइएको छ ।

### १.२ फुटपाथ व्यापार व्यवस्थापन

- जथाभावी रुपमा सडक र फुटपाथमा पसल राखिनाले सवारी तथा पैदल यात्रुलाई असुविधा पुगेको मात्र नभई शहरको सुन्दरतामा पनि ज्यादै नकारात्मक असर पारेको थियो । गएको १०० दिनमा काठमाण्डौ उपत्यकाबाट सम्पूर्ण फुटपाथ पसल हटाइएको छ । यसलाई देशभरि नै अभियानका रुपमा सञ्चालन गरिएको छ । काठमाण्डौ उपत्यकाबाट मात्र १६,६६४ फुटपाथ पसल हटाइएको छ ।
- फुटपाथ व्यापारको बैकल्पिक व्यवस्थाका लागि काठमाडौं महानगरपालिकामा ट्राफिक प्रहरी र सरोकारवाला समेत रहेको टोलीले उपयुक्त स्थानको छनोट गरिसकेको छ । अन्य स्थानहरुमा पनि स्थानीय रुपमा सर्वपक्षीय सहमतिमा वैकल्पिक स्थानको पहिचान गरी फुटपाथ व्यापारलाई व्यवस्थित गरिनेछ ।

### १.३ अध्यागमन व्यवस्थापन

- विदेशी पाहुना तथा पर्यटकहरु नेपाल प्रवेश गर्दाको पहिलो प्रवेश बिन्दू अध्यागमनको सञ्चालन व्यवस्थापनका बारेमा व्यापक जनगुनासाहरु आउने गरेका थिए । अध्यागमनको सुधारको लागि त्यहाँको भौतिक अवस्थाको सुधार, विद्युतीय प्रविधिको प्रयोग तथा जनशक्ति विकासमा अध्यागमन सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ । यसले गर्दा यही पाँच महिनाको अवधिमा नै अध्यागमन व्यवस्थापनमा अत्यन्त ठूलो सुधार भएको छ ।

- एम.आर.पी. मा रहेको विवरण सफ्टवेयरको माध्यमबाट भण्डारण गर्ने प्रविधि सञ्चालनमा ल्याइ सकिएको छ ।
- सबै प्रकारका भिसाको लागि अनलाइन दर्खास्त र त्यस्तो भिसा दरखास्तमा रहेको विवरण भण्डारण गर्ने प्रणाली कार्यान्वयन भएको छ ।
- विमान मार्फत् नेपाल आउने र नेपालबाट बाहिरिने यात्रुको विवरण संकलनको लागि पूर्व हवाई यात्रु सूचना प्रणालीको सफ्टवेयर निर्माणको काम भैरहेको छ ।
- अध्यागमन कानून उल्लंघन गरी नेपालबाट निश्काशन गरिएका, प्रस्थान गराइएका र अन्य निकायको अनुरोधमा आवागमन नियन्त्रणको लागि प्राप्त विवरण अद्यावधिक गर्ने र ट्रयाकिङ्ग गर्ने कालो सूची प्रणाली लागू गरिसकिएको छ ।
- विदेशी पर्यटक बस्ने होटल र अध्यागमन कार्यालयबीच सञ्जाल कायम गरी होटलमा बस्ने विदेशीको विवरणको लागि सूचना प्रणाली स्थापित गर्ने काम सम्पन्न भैसकेको छ ।
- अध्यागमन कार्यालय त्रिअवि को अनुगमनको लागि सि.सि.टि.भी. प्रणाली जडान गर्ने, नक्कली कागजात पहिचानको लागि मोबाइल इक्विपमेण्ट (Mobile Equipment) राख्ने, भिडभाड भएको अवस्थामा अस्थायी अध्यागमन स्टेशन स्थापना गरी यात्रु जाँचको लागि ह्याण्ड हेल्ड आई.डि. डिभाइस (Hand held ID Device) को व्यवस्था गर्ने कार्यको लागि प्रक्रिया अगाडि बढाइएको छ ।
- सीमाका सबै अध्यागमन कार्यालयहरुमा नेटवर्किङ र प्रस्थान/प्रवेश तथ्याङ्कको अभिलेख (Entry & Exit Data Recording) प्रणाली लागू भैसकेको छ ।
- नयाँ नियुक्ति भई ६ महिनाको आधारभूत प्रशासनिक तालिम प्राप्त गरेका अधिकृतहरुलाई अध्यागमन सम्बन्धी समेत तालिम दिई त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयमा पदस्थापन गरिएको छ । अध्यागमन कार्यालय त्रि.अ.वि. का सबै काउण्टरहरुलाई अधिकृतमूलक बनाइएको छ ।
- नेपालमा अवैध रुपमा विना भिसा बस्ने र कार्य सहमति नलिई काम गर्ने विदेशीहरुको खोजी गरी त्यस्ता विदेशीहरुलाई आफ्नै मुलुकमा फर्काउने कार्यलाई विशेष सक्रियताका साथ अगाडि बढाइएको छ ।

## १.४ कारागार व्यवस्थापन

- नेपालमा कारागारहरुको भौतिक संरचना अत्यन्त पुरानो र जीर्ण अवस्थामा रहेको छ । सबैजसो कारागारहरुमा क्षमता भन्दा दोब्बर कैदीहरु रहेको अवस्था छ । नेपालको ७२ जिल्लामा रहेका कूल ७४ कारागारको कूल क्षमता १०,००० रहेकोमा अहिले नै १८,००० कैदी रहेको अवस्था छ । त्यसैले कारागारहरुको क्षमता बिस्तार तथा भौतिक अवस्था सुधारमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।
- केन्द्रीय कारागारलाई स्थानान्तरण गर्ने गरी नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ६ चण्डी पोखरीमा ५००० भन्दा बढी बन्दी क्षमताको कारागार निर्माण गर्नका लागि ७८४-१-०-०

रोपनी जग्गा कारागार कार्यालय नुवाकोटको नाममा दर्ता गर्ने गरी मिति २०७०।१२।१९ मा बसेको मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट निर्णय भएको छ ।

- कारागारलाई सुधार गृहको रुपमा समेत सञ्चालन गर्ने नीति अन्तर्गत कारागारहरुमा आवश्यक सुबिधाहरु उपलब्ध गराउने नीति अवलम्वन गरिएको छ ।
- कारागार सम्बन्धी कानूनमा खुल्ला कारागारको अवधारणा भए पनि सो को कार्यान्वयन हुन नसकेकोमा बाँके जिल्लाको गनापुर गा.वि.स. वडा नं. ६ मा खुला कारागार निर्माण गर्न बोलपत्र आव्हान भई प्रक्रिया अगाडि बढाइएको छ ।

**१.५ जिल्ला प्रशासन तथा सेवा प्रवाह**

- सबै जिल्ला प्रशासनबाट प्रवाह गरिने सेवालाई नागरिकमैत्री बनाउन नागरिक बडापत्र मार्फत सेवा प्रवाहमा पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गरिएको छ । हालसम्म ३५ जिल्ला प्रशासन कार्यालयमा सी.सी.टी.भी. जडान गरिसकिएको छ । यसलाई क्रमशः विस्तार गर्दै लगिनेछ ।
- नागरिकताको विद्युतीय अभिलेखीकरण गर्ने प्रकृयालाई बिस्तार गरिएको छ ।
- सबै जिल्ला प्रशासन कार्यालयहरुमा प्र.जि.अ. को इजलाश निर्माण गरी मुद्दाको सुनवाईलाई व्यवस्थित गर्दै लगिएको छ ।
- जिल्लास्तरमा हुने काम कारबाहीको अनुगमन गर्न मन्त्रालयबाट यसैवर्ष पाँचै विकास क्षेत्रमा पाँचवटा टोली खटाई अनुगमन प्रतिवेदन समेत प्राप्त भएको छ ।
- केही जिल्लामा मुस्कान सहितको सार्वजनिक सेवा कार्यक्रम प्रारम्भ गरिएको छ । आगामी वर्ष यसलाई सबै जिल्लामा बिस्तार गरिनेछ ।

**१.६ प्रहरी प्रशासन**

- प्रहरी नियमावली, २०७१ स्वीकृत भई कार्यान्वयन गरिएको छ ।
- विगत डेढ वर्ष देखि प्रहरी तर्फको बढुवाको काम हुन नसकी प्रहरीको वृत्ति विकासमा अन्यौलको अवस्था सिर्जना भएकोमा हाल नेपाल प्रहरीको नयाँ नियमावली अनुरुप प्रहरीको बढुवा प्रक्रिया अगाडि बढिसकेको छ ।
- आधुनिक प्रविधिको प्रयोगको थालनी स्वरुप क्षेत्रीय प्रहरी कार्यालयमा रहने गरी पोलिग्राफ शाखा स्थापना गरी अनुसन्धानमा पोलिग्राफ विशेषज्ञको प्रयोग गर्न शुरु गरिएको छ ।
- अञ्चल स्तरीय अपराध अनुसन्धान, अनुगमन तथा नियमन समूह गठन गरी त्यसबाट आफ्नो मातहतमा हुने गरेका अपराध अनुसन्धानलाई प्रत्यक्ष र नियमित सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइएको छ ।
- प्रहरीबाट सर्वसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन तथा प्रहरी प्रशासनमा सर्वसाधारणको विश्वास अभिबृद्धि गर्दै पहुँच स्थापित गर्न “मुस्कान सहितको प्रहरी सेवा” अभियान सञ्चालन गरिएको छ ।
- नेपाल प्रहरीको ३ बर्षे अपराध नियन्त्रण कार्ययोजना तयार भई कार्यान्वयनको प्रक्रियामा रहेको छ ।

### १.७ सशस्त्र प्रहरी

- खुला सीमाना दुरुपयोगलाई नियन्त्रण गर्न दशगजा ईलाकामा बसोबास गर्ने बासिन्दाहरुलाई जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- बिभिन्न भन्सार नाकाहरुमा हुने चोरी निकासी पैठारी, तस्करीलाई नियन्त्रण गर्ने काम कडाइका लागू गरिएको छ र यसमा राजश्व सम्बन्धी निकायहरुसँग राम्रो समन्वय स्थापित भएको छ । यस अवधिमा सशस्त्र प्रहरीबाट १८ करोड १९ लाख ३१ हजार ६ सय ४२ रुपैयाँ चोरी निकासी, बन पैदावार चोरी र सवारी साधनबाट बरामद भएको छ ।

### १.८ ट्राफिक व्यवस्थापन

- जथाभावी सवारी पार्किङ्ग गरी सडक आवागमनमा अवरोध गर्ने कार्यलाई निरुत्साहित गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखा र काठमाडौं महानगरपालिकासँगको समन्वयमा गरी सवारी साधनहरुलाई नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गर्न प्रारम्भ गरिएको छ ।
- उपत्यकाको विभिन्न सडक खण्डहरुमा जथाभावी सवारी साधन पार्किङ्ग गरी सडक आवागमनलाई अवरोध पार्ने कार्यलाई निरुत्साहित गर्न महानगरपालिकासँग समन्वय गरी अभियान संचालन गरिएको छ जसले गर्दा विगत पाँच महिना भित्रमा सो विपरित कार्य गर्ने **२६८९** जना चालकहरुलाई कारवाही गरिएको छ ।
- पाँच महिनाको अवधिमा सवारी नियम उल्लंघन गर्ने **८९,३९०** वटा सवारी साधनहरुलाई कारवाही गरी रु. **२,३४,१४,०००।-** जरिवाना संकलन भएको छ ।
- मापसे अभियानलाई प्रभावकारी रुपमा निरन्तरता दिइएको छ । यस आ.व. मा मात्रै ४५,८९६।- जनालाई कारबाही गरिएको छ । २०७० आषाढ १६ देखि सार्वजनिक यातायातमा आरक्षण सीटको अनुगमन थालिएकोमा हालसम्म **८६,०९९** लाई संझाई बुझाई छोडिएको छ भने १२२० लाई कारबाही गरिएको छ ।
- RSCC, यात्रुमैत्री चेकिङ, पार्किङ व्यवस्थापन अभियान, ट्राफिक चेतनासम्बन्धी Digital Display Board स्थापना, रेडियो र स्थानीय टेलिभिजनबाट ट्राफिक कार्यक्रमका साथमा नियमित Audio-Video सन्देश प्रशारण गर्ने व्यवस्था मिलाइएको छ ।
- बिभिन्न किसिमका ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । यस आ.व. मा मात्र ९६ हजारलाई ट्राफिक शिक्षा दिइएको छ ।
- यही जेष्ठ १-३ मा पहिलो पटक सडक सुरक्षा प्रदर्शनी सञ्चालन गरिएको छ जसमा करिब १ लाख पचास हजारले त्यसको अवलोकन गरेका थिए ।
- काठमाडौं बसपार्कमा ५०० चालक र सहचालकलाई ट्राफिक अनुशिक्षण दिइएको छ । २०७० माघ १९ देखि नयाँ चालकहरुलाई ट्राफिक शिक्षा र सडक सभ्यताको तालिम लिएर मात्र सवारी चालक अनुमतिपत्र दिने व्यवस्था गरिएको छ र यस अन्तर्गत हालसम्म ३,७२० जनालाई यस्तो प्रशिक्षण दिइएको छ ।

## १.९ लागू औषध नियन्त्रण

- मकवानपुर, चितवन, उदयपुर लगायत तराईका अधिकांश जिल्लाहरुमा प्रहरी परिचालन गरी गाँजा/अफिम खेती नष्ट गरिएको छ । मकवानपुर जिल्लाका बिभिन्न गा.वि.स. मा मात्र **२३७.५** कठ्ठा जग्गामा रहेको अफिम खेती नष्ट गरिएको छ ।
- यस अवधिमा गाँजा, चरेश, हिरोईन, अफिम लगायत विभिन्न प्रकारका लागूऔषध ठूलो परिमाणमा जफत गरी १९४ जना विदेशी सहित १९९८ जना व्यक्ति पक्राउ गरी कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाईएको ।
- प्रचलित लागू औषध नियन्त्रण ऐन तथा नीतिमा परिमार्जनको काम शुरु गरिएको छ । नयाँ लागू औषध नियन्त्रण ऐनको विधेयक मसौदा तयार भैसकेको छ ।

## १.१० विपद् व्यवस्थापन

- विपद् व्यवस्थापन सम्बन्धी कामलाई समन्वयात्मक र प्रभावकारी रुपमा सञ्चालन गर्न खोज र उद्धार रणनीतिक कार्ययोजना मं.प. बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ ।
- प्रचलित दैवी प्रकोप नियन्त्रण ऐनलाई समयानुकुल संशोधन र एकीकरण गर्न, दैवी प्रकोप व्यवस्थापनमा जिम्मेवार निकाय किटान गरी तिनीहरुको भूमिका स्पष्ट गर्ने उद्देश्यले तयार गरिएको विपद् व्यवस्थापन विधेयक उपर कारबाहीको प्रक्रिया अघि बढाइएको छ ।
- दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को १७ औं शिखर सम्मेलन (नोभेम्बर १०-११, २०११) मा हस्ताक्षरित SAARC AGREEMENT ON RAPID RESPONSE TO NATURAL DISASTER को अनुमोदनको निमित्त नेपाल सरकार मं.प. को मिति २०७१।१।१२ को निर्णयानुसार व्यवस्थापिका संसदमा पठाइएको छ ।
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा मं.प. बाट स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ ।
- विपद् व्यवस्थापनका लागि देशभरिका सशस्त्र प्रहरीका युनिटहरुमा २४ सै घण्टा उद्धार सामाग्री सहितको टोलीलाई स्ट्याण्डवाई राखिएको छ । करिब ३५ हजार सशस्त्र प्रहरीलाई विपद् सम्बन्धी तालिम दिने योजना अनुरुप वैशाख २० गते देखि हालसम्मका करिब २० हजार सशस्त्र प्रहरीलाई यस सम्बन्धी तालिम दिइसकिएको छ ।
- उद्धार तथा राहतका सामान भण्डारणका लागि ५ वटै विकास क्षेत्रमा क्षेत्रीय भण्डारण गृहको निर्माण भैरहेकोमा सुनसरी र कैलालीमा निर्माण सम्पन्न भैसकेको छ ।
- विपद्को तत्काल जानकारी दिने र उद्धार तथा राहत जस्ता कार्यको समन्वय गर्न जिल्ला/क्षेत्र तथा नगरपालिकामा आपतकालिन सञ्चालन केन्द्र स्थापना गर्ने क्रममा यस अवधिमा थप १० वटा जिल्लामा आपतकालिन सञ्चालन केन्द्र स्थापना गरी कूल जम्मा ३८ जिल्लामा स्थापना गरिएको छ । यसैगरी ५ वटा क्षेत्रीय प्रशासन कार्यालयमा र ५ वटा नगरपालिकामा समेत स्थापना भएका आपतकालिन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी रुपमा परिचालनमा ल्याइएको छ ।

१.११ **मानव अधिकार संरक्षण तथा प्रबर्द्धन**

- मन्त्रालय र अन्तर्गत निकायहरुबाट मानव अधिकार संरक्षण तथा सम्बर्द्धनका कृयाकलापहरुलाई प्रभावकारी र समन्वयात्मक रुपमा सञ्चालन गर्न मन्त्रालयमा मानव अधिकार, कानुन तथा फैसला कार्यान्वयन महाशाखा स्थापना गरिएको छ ।
- इ.प्र.का.स्तरसम्मका प्रहरी इकाईहरुमा मानव अधिकार सेलको स्थापना गरी प्रहरीबाट भएका मानवअधिकार हनन् सम्बन्धी उजुरीमा शीघ्र जवाफदेहिता तथा कारवाहीको व्यवस्था मिलाईएको छ । यसै गरी इ.प्र.का.स्तरसम्म सबै प्रहरी कार्यालयहरुमा प्रहरी कर्मचारीहरुलाई मानवअधिकार सम्बन्धी कार्यस्थलमै तालिम (on the job training) दिइएको छ ।
- सशस्त्र प्रहरी बल प्रधान कार्यालय लगायत मातहत इकाईहरुमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन (IHL/IHRL) सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलद्वारा मानव अधिकारको उल्लंघनमा शुन्य सहनशीलताको नीति अपनाउँदै मानव अधिकारको उल्लंघन गर्ने जवान तथा कर्मचारीलाई विभागीय सजाय गरिएको छ ।
- नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको आधारभूत तथा उन्नत तालिमहरुको पाठ्यक्रममा मानव अधिकारलाई अनिवार्य रुपमा समावेश गर्ने गरिएको छ ।
- नेपाल प्रहरीको प्रहरी महानिरीक्षकको सचिवालयमा मानव अधिकार इकाइ स्थापना गरिएको छ र जिल्लास्तरमा मानव अधिकार सम्पर्क अधिकृत तोक्ने व्यवस्था गरिएको छ ।
- नेपाल प्रहरीमा प्रहरी कर्मचारीहरुलाई मानव अधिकार सम्बन्धमा सचेत बनाउन मानव अधिकार स्थायी आदेश, मानव अधिकार स्रोत पुस्तिका लगायतका प्रकाशनहरु उपलब्ध गराइएको छ ।
- सशस्त्र प्रहरीमा प्रहरी कर्मचारीहरुलाई मानव अधिकार निर्देशिका, मानव अधिकार संरक्षण तथा सहयोगी निर्देशिका लगायतका उपयोगी प्रकाशनहरु उपलब्ध गराइएको छ ।

१.१२ **विविध**

- भारतीय सेनामा काम गरिरहेका वा काम गरी फर्केका नेपालीहरुको नागरिकताको प्रमाणपत्र तथा निजहरुको पेन्सन पट्टामा नाम थर फरक परी उनीहरुले भोगीरहेको असुबिधा हटाउन भारतिय पक्षसँग कुरा गरी देखापरेको द्धिविधालाई हटाउने प्रयास भएको छ ।
- सामाजिक व्यवहार सुधार ऐन समयानुकुल नभएको हुँदा कार्यान्वयन हुन नसकेकोले सामाजिक व्यवहारहरुमा अनावश्यक रुपमा तडक भडक र खर्च गर्ने प्रवृत्ति व्याप्त रहेको हुँदा उक्त ऐनलाई समयानुकुल र व्यवहारिक बनाउने उद्देश्यले तयार गरिएको विधेयक व्यवस्थापिका संसदमा दर्ता भैसकेको छ ।

- वागमती नदी सफाइ अभियानमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको व्यापक सहभागिता हुने गरेको छ । वागमती सफाई अभियानको ५६ हप्तामा करिव ६ हजार सशस्त्र प्रहरी र ८ हजार नेपाल प्रहरी सहभागी भैसकेका छन् ।
- विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्था व्यवस्थित बनाउन विशिष्ट व्यक्तिहरुको सुरक्षा सम्बन्धी विधेयक उपर आवश्यक कारबाही अगाडि बढाइएको छ । निजी क्षेत्रबाट सुरक्षा प्रदान गर्ने सँस्थाहरुलाई व्यवस्थित र नियमित गर्न निजी सुरक्षा सम्बन्धी विधेयक उपर आवश्यक कारबाही अघि बढाइएको छ । यसैगरी अति विशिष्ट व्यक्तिको सुरक्षा सम्बन्धी कार्यविधि, २०७० को संशोधन प्रस्ताव स्वीकृतीको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिसकिएको छ ।
- वर्तमान सरकारले बहाली गरेको मितिदेखि नै क्यासिनोमा कुनै पनि नेपाली प्रवेश गर्न नपाउने कुरालाई कडाइका साथ लागू गरिएको थियो । साथै क्यासिनोहरुले प्रचलित कानून बमोजिम बुझाउनु पर्ने रोयल्टी नबुझाएको कारण संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१।०१।०५ गते क्यासिनोको ईजाजत पत्र खारेज गरेपछि सो निर्णयलाई कार्यान्वयन गर्न यस मन्त्रालयबाट प्रत्यक्ष सहयोग पुर्‍याइएको थियो ।

## (ख) गृह प्रशासनमा हाल देखिएका प्रमुख चुनौति/समस्याहरु

गृह प्रशासनको प्रमुख समस्या र चुनौति भनेको आदेश र निर्देशनमा आधारित परम्परागत गृह प्रशासनलाई आधुनिक प्रविधियुक्त एवं कानून र पद्धतिबाट सञ्चालित व्यावसायिक जनशक्तियुक्त लोकतन्त्र, गणतन्त्र तथा कानुनी राज्यका आधारभूत मान्यताबाट प्रशिक्षित गृहप्रशासनमा रुपान्तरण गर्नु हो । यस दिशामा गएका वर्षहरुमा धेरै उपलब्धि हासिल भएका पनि छन् । तर पनि अझै धेरै गर्न बाँकी छ । यसका लागि ठोस योजना सहितको प्रतिबद्धता एवं निरन्तरको क्रियाशिलता आवश्यक महशुस गरिएको छ । यो प्रयास यसको निरन्तर प्रक्रिया मात्र हो ।

### १.१ शान्ति सुरक्षा तथा अपराध अनुसन्धान

- शहर तथा शहर उन्मुख क्षेत्रहरुमा स-साना हतियारको प्रयोग हुने गरेको छ ।
- शहरी क्षेत्रहरुमा संगठित अपराध लगायतका मानव अपरहरण, लागू औषध, सुन तस्करी, विदेशी मुद्रा अपचलन जस्ता गंभीर अपराधलाई अपेक्षित स्तरमा नियन्त्रण गर्न सकिएको छैन ।
- अपराधमा विद्युतीय प्रविधिको दुरुपयोग बढ्दो रुपमा रहेको छ । त्यस्तै अनलाइन वा सामाजिक सञ्जालहरुमा व्यक्तिगत गालि गलौज र सार्वजनिक सदाचार प्रतिकूलका कार्यहरु बढीरहेका छन् ।
- संगठित तथा गंभीर प्रकारका अपराध नियन्त्रणको लागि आवश्यक सूचना उपलब्ध हुन सकेको छैन ।
- सामान्य दुर्घटनामा पनि यातायात अवरुद्ध गर्ने प्रबृत्ति नियन्त्रण हुन सकेको छैन ।
- सहकारी, ढुकुटी तथा लेनदेख कारोबारमा हुने गरेको ठगीका घटनाहरु व्यापक रुपमा बढिरहेका छन् ।

- वैदेशिक रोजगारीबाट समाजमा हुने पारिवारिक विघटन, त्यसको कारणबाट हुने अपराध तथा ठगीका घटनामा बृद्धि भएको छ ।
- अहिले पनि बन्द, हडताल तथा चक्का जामलाई बिरोध प्रदर्शनको प्रमुख माध्यम बनाउने गरिएको छ ।
- बिभिन्न संघ संगठनहरुले संविधानमा आफ्ना कुराहरु समावेश गराउन बिभिन्न किसिमका दबावमूलक कार्यक्रम गर्न सक्ने सुरक्षा चुनौति विद्यमान छ ।
- अपराध अनुसन्धानको सिलसिलामा संकलित प्रमाणको परीक्षण तथा विश्लेषणका लागि २ वटा मात्र प्रयोगशाला उपलब्ध छन् जुन ज्यादै अपर्याप्त हो ।

**१.२ अध्यागमन तथा शरणार्थी व्यवस्थापन**

- बिभिन्न देशका नक्कली राहदानी तथा भिषा प्रयोग गरी नेपाल आउने र नेपाललाई ट्रान्जिट बनाई तेस्रो मुलुक प्रवेश गर्ने प्रवृत्ति बढिरहेको छ ।
- पर्यटक भिषामा नेपाल आउने र नेपालमा बिभिन्न संस्थामा आबद्ध भएर काम गर्ने प्रवृत्ति छ र यसको प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- खुल्ला सीमानाका कारण प्रवेश आज्ञा बिना नेपाल प्रवेश गर्ने प्रवृत्ति छ ।
- शरणार्थीहरुबाट बेला बेलामा हुने अवाञ्छित गतिविधि हुने गरेका छन् ।
- विदेशी पर्यटकहरुबाट लागू औषध, यौनजन्य तथा सार्वजनिक मर्यादा बिरुद्धका अपराध हुने गरेका छन् ।
- विदेशीहरुलाई नियमन गर्ने विषयमा सम्बन्धित निकायहरुबीच सूचना संयन्त्रको अभाव छ ।
- शरणार्थीहरु विभिन्न समय समयमा अवाञ्छित क्रियाकलापमा संलग्न भई शान्ति सुरक्षामा असर पार्ने गरेको पाइएको छ ।
- भिसा अवधि समाप्त भए पछि पनि नेपालमा बस्ने प्रवृत्ति छ ।

**१.३ कारागार व्यवस्थापन**

- कारागारका भवनहरु तथा अन्य पूर्वाधारहरु अत्यन्त जीर्ण अवस्थामा रहेका छन् ।
- सबे जिल्लाका कारागारमा क्षमता भन्दा अत्यधिक संख्यामा कैदी/बन्दी रहेका छन् ।
- कारागार व्यवस्थापनका खुला कारागार, सुधार गृह जस्ता नवीनतम अवधारणाहरुको कार्यान्वयन हुन सकेको छैन ।
- कैदी बन्दीहरुले गरेको कसूर अनुसार वर्गीकरण गरी गंभीर प्रकृतिका अपराधका बन्दीहरुलाई अलग कारागारको व्यवस्था नहुँदा कारागारबाटै अपराध गर्ने प्रवृत्ति देखिएको छ ।
- कारागार व्यवस्थापनमा परम्परागत किसिमको जनशक्ति रहेको छ र भएको जनशक्तिलाई पनि आवश्यक साधन तथा स्रोत उपलब्ध गराउन सकिएको छैन ।

- कारागार व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग हुन सकेको छैन ।
- कारागारमा जनशक्तिलाई थामी राख्न ठूलो समस्या छ ।

## १.४ ट्राफिक व्यवस्थापन

- सवारी चालकको अयोग्यता, सडक वा सवारी साधनको दूरावस्था आदि कारणले सवारी दुर्घटनामा आवश्यक मात्रामा नियन्त्रण गर्न सकिएको छैन ।
- मानवीय रुपमा नै ट्राफिक व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ तर सो अनुरुप आवश्यक जनशक्तिको अभाव रहेको छ ।
- सडकमा ट्राफिक बत्ति, सडक चिन्ह, ओभरहेड ब्रिज, फ्लाइ ओभर, सबवे, अण्डरग्राउण्ड पास जस्ता पूर्वाधारहरुको कमी रहेको छ ।
- काठमाडौं चक्रपथभित्र रहेका परिवहन कम्पनीहरु, पेट्रोल पम्पहरु, वर्क्ससप, मोटर ग्यारेजहरुबाट ट्राफिक व्यवस्थापनमा अवरोध सिर्जना भएको छ ।
- सडकमा जथाभावी निर्माण सामाग्री थुपार्ने, बस्तु तथा चौपाया छाड्ने प्रवृत्ति व्याप्त छ ।
- सडक सीमाको अतिक्रमण भैरहेको छ ।
- काठमाडौं उपत्यकामा सवारीको बढ्दो चाप र सडक विस्तारको काम सम्पन्न हुन नसक्दा ट्राफिक व्यवस्थापनमा समस्या रहेको छ ।
- काठमाण्डौ उपत्यकामा सार्वजनिक पार्किङ्गस्थलको गंभीर अभाव छ ।
- लामो दूरीका बसहरुको लागि बस टर्मिनल तथा माल बाहक सवारीको लागि पार्किङ्ग स्थलको अभाव छ ।

## १.५ लागू औषध

- मुलुकका विकट क्षेत्रहरुमा लागू औषध जस्तै गाँजा तथा अफिमको खेती हुने गरेको छ ।
- खुला सीमानाका कारण विशेष गरी फर्मास्यूटिकल ड्रगको अवैध ओसार पसार हुने गरेको छ ।
- लागू औषध नियन्त्रणमा पर्याप्त साधन, स्रोत र जनशक्तिको कमी रहेको छ ।

## १.६ विपद व्यवस्थापन

- विपद प्रतिकार्य (खोज र उद्धार) को लागि पर्याप्त स्रोत, साधन र दक्ष जनशक्तिको कमि रहेको छ ।
- विपद् व्यवस्थापनमा संलग्न निकायहरुको भूमिकाको स्पष्टताको अभाव छ र सम्बन्धित निकायहरुका बीचमा आवश्यक समन्वयको कमि रहेको छ ।
- विपद् व्यवस्थापनमा स्थानीय निकाय तथा समुदायको सहभागिता हासिल गर्न सकिएको छैन ।

**१.७ सीमा व्यवस्थापन**

- सीमा स्तम्भहरुको मर्मत सम्भार नियमित रुपमा हुन सकेको छैन ।
- सीमा सुरक्षाको निमित्त सशस्त्र प्रहरी बल जनशक्तिको अभाव रहेको छ । आवश्यक स्थानमा सीमा सुरक्षा पोष्ट स्थापना गर्न सकिएको छैन ।
- सीमा क्षेत्रका स्थानीय जनतासँग सीमा व्यवस्थापनबारे सहकार्य हुन सकेको छैन ।

**१.८ स्थानीय प्रशासन र सेवा प्रवाह**

- स्थानीय प्रशासनबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो बनाउन आवश्यक स्रोत र साधनको कमी रहेको छ ।
- सेवा प्रवाह गर्ने कार्यालयहरुको भौतिक अवस्था अत्यन्तै जीर्ण तथा व्यवस्थित र उपयुक्त Layout को कमी छ ।
- अभिलेख व्यवस्थापन कमजोर अवस्थामा छ र त्यसमा आधुनिक प्रविधिको प्रभावकारी प्रयोग हुन सकेको छैन ।
- सार्वजनिक सेवा प्रवाह कार्यको नियमित अनुगमन तथा प्रोत्साहन प्रणालीको अभाव रहेको छ ।
- प्रमुख जिल्ला अधिकारीको भूमिका अहिले पनि कानुन कार्यान्वयन गराउने अधिकारीको रुपमा रहेको छ, विकास निर्माण कार्यको अनुमगन मूल्याङ्कनको भूमिका प्रभावकारी हुन सकेको छैन ।

**१.९ मानव अधिकार संरक्षण तथा प्रबर्द्धन**

- शैक्षिक रुपमा पिछडिएका, दुर्गम क्षेत्र र खासगरि मध्य पश्चिम र सुदूर पश्चिमका जिल्लाहरुमा जातीय भेदभाव तथा सामाजिक कुरीतिको कारण दलित, महिला तथा पिछडिएको वर्ग उपर शोषण तथा उत्पिडन हुने गरेको छ ।
- महिला हिंसा तथा घरेलु हिंसाको अवस्थामा अपेक्षित रुपमा सुधार गर्न सकिएको छैन ।
- महिला तथा बालबालिका बिरुद्ध हुने अपराधको अनुसन्धानमा महिला प्रहरी कर्मचारीको आवश्यकता पर्ने हुन्छ । तर महिला प्रहरी कर्मचारीको पदपूर्ति हुन सकेको छैन ।
- नेपाल प्रहरी तथा प्रहरी कर्मचारीहरुमा अझै पनि मानव अधिकार प्रतिको उच्च सचेतना सृजना गर्न सकिएको छैन ।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा हुने अवैध वा अनियन्त्रित मदिरा बिक्रीको कारण महिला हिंसा तथा बालबालिकाको बिरुद्धको अपराधमा बृद्धि भैरहेको छ ।
- यातना बिरुद्धको महासन्धि तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि अन्तर्गत बुझाउनु पर्ने आवधिक प्रतिवेदन बुझाउन सकिएको छैन ।
- यातायातका साधनहरुमा महिला उपर हुने हिंसा वा दुर्व्यवहारका घटनाहरु नियन्त्रण हुन सकेका छैनन ।

### १.१० सँस्थागत समस्याहरु

- सेवा प्रवाह, बजार नियमन, विकास योजनाहरुको समयमै कार्यान्वयन, मानव अधिकारको संरक्षण, जिल्लास्थित अन्य कार्यालयहरुसँगको समन्वय तथा सहयोग जस्ता कुराहरुमा प्रमुख जिल्ला अधिकारीको भूमिका प्रभावकारी हुन सकेको छैन ।
- विपद् व्यवस्थापनमा प्रमुख जिल्ला अधिकारीलाई साधन स्रोतको कमी रहेको छ ।
- जिल्ला प्रशासन कार्यालयहरुमा अहिले पनि परम्परागत जनशक्तिको बाहुल्यता छ । जनशक्तिलाई सेवा प्रवाह सम्बन्धी आधुनिक अभ्यास तथा प्रविधिका बारेमा प्रशिक्षित गर्न सकिएको छैन ।
- राष्ट्रिय अनुसन्धान विभागको भूमिका क्रमशः कमजोर हुँदै गएको छ । यसलाई कानुनी, सँस्थागत तथा संरचनागत रुपमा पुनर्सरचना गर्नु आवश्यक छ ।
- क्षेत्रीय प्रशासन कार्यालयहरुले स्थानीय प्रशासन ऐन बमोजिमको अधिकारको प्रयोग गर्ने भएता पनि क्षेत्रीय प्रशासन कार्यालयहरुको स्पष्ट भूमिका कानुनी र व्यवहारिक रुपमा स्पष्ट र प्रभावकारी हुन सकेको छैन ।
- नेपाल प्रहरीमा प्रहरी चौकी तथा थप जनशक्तिको माग व्यापक रुपमा रहेको छ । खाली जनशक्ति मात्रै बृद्धि गरेर आवश्यकता पूरा गर्न संभव छैन । यसका लागि भएकै जनशक्तिलाई अझ बढी साधन स्रोत सम्पन्न बनाउने र आवश्यक देखिएको जनशक्ति थप गर्नु पर्ने देखिएको छ ।
- सशस्त्र प्रहरी बलमा पनि थप जनशक्तिको माग अत्यधिक रहेको छ । खासगरी सीमा सुरक्षा पोष्टहरु तत्काल बृद्धि गर्नुपर्ने देखिएको छ ।
- कारागार व्यवस्थापनमा कमजोर भौतिक अवस्था संगै जनशक्ति व्यवस्थापनको ठूलो समस्या रहेको छ । कारागारमा खटिने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

# परिच्छेद ३

## (क) आगामी दिनको कार्ययोजना

समग्र राज्य पुनर्सरचनासंगै गृह प्रशासनको पनि पुनर्सरचना हुनेछ । गृह प्रशासनमा अहिले गरिने सुधार प्रमुख रुपमा गृह प्रशासनलाई संरचनागत, सँस्थागत तथा मनोवैज्ञानिक रुपमा संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्र अनुरुप पुनर्सरचनाका लागि तयार गर्ने र यसको भूमिकालाई आगामी दिनमा अझ प्रभावकारी, सेवामुखी र जनमुखी बनाउने कुरामा केन्द्रित हुनेछ ।

### ३.१ शान्ति सुरक्षा तथा अपराध अनुसन्धान

**उद्देश्य**

क. शान्ति सुरक्षाको अवस्था सुदृढ गरी सर्वसाधारणले मानव अधिकारको निर्वाध उपभोग गर्न सक्ने अवस्था सुनिश्चित गर्ने ।

ख. अपराध अनुसन्धानलाई आधुनिक प्रविधियुक्त बनाई थप प्रभावकारी बनाउने ।

**कार्यक्रम**

- राजनैतिक वा अन्य कुनै किसिमको संरक्षणको आडमा गरिने गुण्डागर्दीलाई विशेष अभियान सञ्चालन गरी निर्मूल गरिनेछ ।
- शहर र शहर उन्मुख क्षेत्रमा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन गर्ने र कुनै पनि घटना घटेमा तत्कालै सुरक्षाकर्मी परिचालित हुने व्यवस्था मिलाउने ।
- शहर र शहर उन्मुख क्षेत्रमा देखापरेको चोरी र लुटपाटका घटना नियन्त्रण गर्न नेपाल प्रहरीमा विशेष शेलको व्यवस्था गर्ने ।
- शहर र शहर उन्मुख क्षेत्रहरुमा थप सि.सि.टि.भी. जडान गर्ने र सो को लागि ब्याकअप (backup) समेतको व्यवस्था गर्ने ।
- निर्धारित राजमार्ग तथा सडकहरुमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले नियमित गस्तीको व्यवस्था गर्ने ।
- चोरी लुटपाट लगायतका अपराधिक घटनाहरु नियन्त्रण गर्नमा जनसहभागिता जुटाउन स्थानीय प्रहरी इकाइले विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- चोरी लुटपाट जस्ता अपराध नियन्त्रण तथा सीमा सुरक्षाको निमित्त शान्ति र सुरक्षा व्यवस्थालाई नागरिक मैत्री बनाउन नेपाल प्रहरीले “बस्ती सुरक्षा समूह” निर्माण गरी कार्य गर्ने ।
- चोरी, लुटपाट लगायत अपराधिक घटना एवं अपराधमा संलग्न हुने व्यक्तिका बारेमा नियमित रुपमा रेडियो तथा टेलिभिजनबाट सचेतनामूलक सन्देशहरु प्रशारण गर्ने ।

- साना हतियार एवं लागू औषधको अवैध ओसार पसार नियन्त्रण गर्न सीमा क्षेत्रमा कडा निगरानी राख्ने । सीमा क्षेत्रमा सुरक्षा निकायका प्रमुखहरुको नियमित सम्पर्क र समन्वय व्यवस्था स्थापित गर्ने ।
- विभिन्न बहानामा हुने बन्द हडताल, तालाबन्दी, चक्काजाम हुन नदिन स्थानीय प्रशासनले समयमा नै सम्बन्धित पक्षसँग सम्पर्क गरी त्यस्ता कार्यक्रम फिर्ता लिन लगाउने र फिर्ता नगरेको अवस्थामा राजमार्ग बन्द गर्ने एवं तालाबन्दी गर्ने जस्ता क्रियाकलाप हुन नदिन सुरक्षाकर्मी परिचालन गर्ने ।
- सशस्त्र समूहको पहिचान र तिनीहरुको गतिविधिबारे सूचना संकलन गर्ने ।
- अदालतबाट दोषी ठहरिएका, अदालतबाट वारेण्ट जारी भएका फरार अभियुक्तहरुको खोजी गर्ने र कानून बमोजिम कारबाही गर्ने कार्यलाई अभियानका रुपमा अगाडि बढाउने ।
- गंभीर अपराधहरुमा सूचना संकलन कार्य प्रभावकारी बनाउन अपराध व्युरो अन्तर्गत आवश्यक संरचनागत व्यवस्था गर्ने ।
- विद्युतीय माध्यमको प्रयोगबाट हुने अपराधमा Call Detail Report लगायतका आवश्यक सूचनाहरु निर्वाध उपलब्ध हुने व्यवस्था गर्न दूरसञ्चार सेवा प्रदायकहरुसँग समन्वय गर्ने ।
- समाजमा हुने लेनदेन, अवैध रुपमा सञ्चालन गरिएका ढुकुटी, वैदेशिक रोजगारमा हुने ठगी जस्ता अपराध नियन्त्रणका लागि नेपाल प्रहरीमा अलग सेल बनाउने । यसका लागि विशेष सचेतनता कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षा निकायहरुमा सर्वसाधारणको पहुँच स्थापित गर्न, जनतामा प्रहरीप्रति विश्वास र सद्भाव बृद्धि गर्न, अपराधको सूचना संकन गर्न, सामाजिक कुरीति तथा भेदभाव नियन्त्रण गर्न सुदूर पश्चिमाञ्चलमा सञ्चालन गरिएको “बस्ती भेटघाट कार्यक्रम” लाई अन्य क्षेत्रमा समेत बिस्तार गर्ने ।

### ३.२ अध्यागमन व्यवस्थापन

**उद्देश्य**

क. अत्याधुनिक प्रविधियुक्त प्रभावकारी अध्यागमन प्रणाली स्थापना गर्ने ।

ख. विदेशीहरुको आवागमन सम्बन्धमा सुदृढ अध्यागमन सूचना प्रणाली स्थापित गर्ने ।

**कार्यक्रम**

- सबैप्रकारका भिसाको लागि सबै अध्यागमन नाकाहरुमा अनलाईन दरखास्त प्रणाली स्थापना गर्ने ।
- हवाइ जहाजबाट यात्रा गर्ने सबै यात्रुहरुको विवरण संकलनको लागि पूर्व हवाई यात्रु सूचना प्रणाली (Advance Passenger Information System) लागू गर्ने ।
- सबै नाकाहरुमा इन्टरनेट जडान गरी भिसा प्रणालीलाई समयानुकुल आधुनिकीकरण गर्ने ।

- नेपालमा अन एराइभल (On Arrival) भिसा दिने प्रणालीको पुनरावलोकन गरी अनएराइभल (On Arrival) भिसा पाउने मुलुकहरुको सूची निर्धारण गर्ने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका सबै डेस्कहरु आधुनिकीकरण गर्ने ।
- अध्यागमन र मातहतका कार्यालयहरुको संगठनात्मक पुनःर्संरचनामा गर्ने ।
- अध्यागमन सूचना प्रणालीलाई नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको सूचना प्रणालीसँग आवद्ध गरिनेछ ।
- पर्यटक भिसामा आई नेपालमा काम गरी बस्नेहरुको सम्बन्धमा विशेष तरिकाले सम्बन्धित निकाय समेतको समन्वयमा सूचना संकलन गरिनेछ ।

### ३.३ **कारागार व्यवस्थापन**

**उद्देश्य**

क. कारागारलाई सुधार गृहको रुपमा विकास गर्ने ।

ख. न्युनतम मानवोचित सुबिधायुक्त कारागारको स्थापना र विस्तार गर्ने ।

ग. आधुनिक प्रविधिको प्रयोगद्वारा प्रभावकारी कारागार व्यवस्थापन गर्ने ।

**कार्यक्रम**

- कैदी बन्दीहरुको निजहरुले गरेको कसूरको प्रकृति र गंभीरता अनुसार विद्युतीय अभिलेख राख्ने । कारागार व्यवस्थापन प्रणाली (Prison Management System) स्थापनाको लागि सफ्टवेयर निर्माण गरी कैदी बन्दीको विवरण अभिलेख गर्ने कार्यलाई थप प्रभावकारी बनाउने ।
- खुल्ला कारागार निर्माण गरी कार्यान्वयनमा ल्याउने सोही क्रममा बाँकेको गनापुर गा.वि.स. मा रहेको ६ विगाहा जमिनमा खुल्ला कारागार निर्माणको कार्य अघि बढाउने ।
- कैदीहरुलाई समाजमा सहज पुनर्स्थापनामा सहयोग पुर्‍याउन आवश्यक परामर्श तथा सीपमूलक तालिमको व्यवस्था गर्ने ।
- कारागारको क्षमता र आवश्यकतानुसार कारागारमा विद्यालयको स्थापना गर्ने । सोही अनुरुप केन्द्रीय कारागारको मा.वि. लाई उच्च मा.वि. मा स्तरोन्नति गर्ने र पर्साको कारागारमा मा.वि. स्थापना गर्ने ।
- नुवाकोटको विदूर नगरपालिका वडा नं. ६ चण्डी पोखरीमा ६००० क्षमताको कारागार निर्माणका लागि अघि बढाइएको प्रक्रियालाई तीब्रता दिने ।
- बाँके जिल्लाको नौबस्ता गा.वि.स मा कारागार कार्यालय बाँकेको नाममा दर्ता भएको १०० विगाहा जमिनमा क्षेत्रीय कारागार निर्माणको प्रक्रिया अघि बढाउने ।

- गंभीर प्रकृतिका अपराधीहरुले कारागारबाटै अपराधिक सञ्जाल सञ्चालन गर्न सक्ने कुरालाई नियन्त्रण गर्न त्यस्ता कैदीहरु उपर विशेष निगरानीको व्यवस्था गर्ने ।
- भिमफेदीस्थित कारागारलाई उच्च सुरक्षा कारागारको रुपमा रुपान्तरण गरी पटके जघन्य अपराधीलाई राख्ने व्यवस्था मिलाउने ।
- कैदी बन्दीको मानसिक स्वास्थ्य सुधारको लागि नख्खु कारागार परिसरभित्र केदी बन्दी मनोसामाजिक उपचार केन्द्र स्थापनाको प्रक्रिया अघि बढाउने ।
- थुनुवा/बन्दीहरुलाई आशातित सुधार भए नभएको नियमित अनुगमनका लागि विभाग अन्तर्गत थुनुवा/बन्दीहरुको अभिलेख राखी निरन्तर अनुसन्धानको प्रयोजनका लागि एक बन्दी/थुनुवा सुधार अनुसन्धान केन्द्रको स्थापना गर्ने ।
- थुनुवा/बन्दीहरुका लागि निःशुल्क कानूनी परामर्श सेवालाई मुलुकभरी नै विस्तार गर्ने ।
- कैद तथा सजाय माफी मिनाहा प्रकृयालाई पारदर्शी र व्यवस्थित बनाउन सो सम्बन्धी कार्यविधिलाई समयानुकुल परिमार्जन गर्ने ।
- कैदीहरुको दैनिक विद्युतीय हाजिरी व्यवस्था लागू गर्ने ।

**३.४ ट्राफिक व्यवस्थापन**

**उद्देश्य**

क. ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाई सडक दुर्घटनालाई न्युनिकरण गर्ने ।

ख. सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र सुबिधायुक्त बनाउने ।

ग. काठमाण्डौ उपत्यकामा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाई सवारी आवागमनलाई व्यवस्थित गर्ने ।

**कार्यक्रम**

- काठमाडौं उपत्यकाभित्र जथाभावी रुपमा सवारी चलाउने र रोक्ने, जथाभावी ओभरटेक गर्ने जस्ता कार्यलाई नियन्त्रण गर्न एउटा विशेष अभियान तत्कालै सञ्चालन गर्ने ।
- बढी ट्राफिक नियम उल्लंघन हुने क्षेत्रमा सादा पोसाकमा समेत प्रहरी परिचालन गर्ने ।
- सडक लेनको पालनालाई कडाईका साथ लागू गर्ने ।
- काठमाडौंभित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुसँगको समन्वयमा एउटा संयुक्त संयन्त्र निर्माण गरी सडकमा निर्माण सामाग्री थुपार्ने, चौपाया छोड्ने जस्ता कामलाई नियन्त्रण गर्दै यस्ता कार्यमा संलग्नहरुलाई कारवाही गर्ने ।
- प्रमुख राजमार्गहरुमा सी.सी.टि.भी. क्यामेरा जडान गर्ने ।
- सडकमा ट्राफिक बत्ति, सडक चिन्ह, ओभरहेड ब्रिज, फ्लाइ ओभर, सबवे, अण्डरग्राउण्ड पास जस्ता पूर्वाधारहरुको व्यवस्था गर्ने ।

- काठमाडौं चक्रपथभित्र रहेका परिवहन कम्पनीहरु, पेट्रोल पम्पहरु, वर्क्ससप, मोटर ग्यारेजहरुलाई ट्राफिक व्यवस्थापनमा अवरोध नहुने गरी स्थानान्तरण वा व्यवस्थापन गराउने ।
- ट्राफिक नियम पालनाबारे विद्यालय/उच्च माध्यमिक विद्यालयहरुमा आवश्यक प्रशिक्षण दिने।
- लामो दूरीका सार्वजनिक साधनहरुमा अनिवार्य रुपमा दुई जना चालकको व्यवस्था कडाईका साथ लागू गर्ने।
- ट्राफिक प्रहरीको उपलब्ध दरवन्दी पुनरावलोकन गरी दरबन्दी थप गर्ने ।
- ट्राफिक प्रहरीलाई Royalty वापत प्राप्त गरेको रकमको १५ प्रतिशत Incentive दिने व्यवस्थालाई अगाडी बढाउने ।
- ट्राफिक व्यवस्थापनमा स्वयम्सेवकहरुको परिचालन गर्ने ।
- शहरी क्षेत्रमा सी.सी.टि.भी.द्वारा सवारी साधनहरुको अनुगमन गर्ने ।
- काठमाण्डौ उपत्यकामा भएका पार्किङ्ग स्थलहरुको व्यवस्थित सञ्चालन गर्न र नयाँ पार्किङ्ग स्थल निर्माणका लागि सम्बन्धित नगरपालिकासँग आवश्यक पहल तथा समन्वय गर्ने ।
- सडक सीमा अतिक्रमण भएका स्थानहरुमा सडक विभाग तथा सम्बन्धित स्थानीय निकायसँग समन्वय गरी विशेष अभियान सञ्चालन गर्ने ।

### ३.५ लागू औषध नियन्त्रण

**उद्देश्य**

अवैध लागूऔषधको उत्पादन, बिक्री वितरण, उपभोगलाई नियन्त्रण गर्ने ।

**कार्यक्रम**

- अवैध गाँजा र अफिम खेती नष्ट गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने ।
- गाँजा अफिम खेती गर्नबाट निरुत्साहन गर्न त्यस्तो स्थानमा वैकल्पिक खेतीको लागि किसानहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम लागू गर्ने ।
- लागू औषध नियन्त्रण कार्यमा सूचना संकलन गर्न राष्ट्रिय अनुसन्धान विभागलाई खटाउने ।
- हवाईमार्ग वा स्थलमार्गबाट नेपाल सरहदमा लागू औषध भित्रन नदिन कडा निगरानी गर्ने ।
- त्रिभुवन विमानस्थलको प्रस्थान र आगमन कक्षमा विशेष प्रविधियुक्त एक्सरे मेशिनहरु प्रयोगमा ल्याउने ।

### ३.६ विपद् व्यवस्थापन

**उद्देश्य**

क. विपद् जोखिम न्युनिकरण, प्रतिकार्य तथा पुनर्लाभका कार्यलाई प्रभावकारी बनाउने ।

ख. विपद् व्यवस्थापनमा जिम्मेवारी निकायहरुको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने ।

**कार्यक्रम**

- विपद् व्यवस्थापनमा संलग्न सबै निकायहरुको भूमिका स्पष्ट गरी त्यस्ता निकायहरुको बीचमा समन्वय संयन्त्र स्थापित गर्न विपद् व्यवस्थापन विधेयक व्यवस्थापिका संसदमा पेश गरिनेछ ।
- विपद् व्यवस्थापनको क्षेत्रमा नेपाली सेना र सशस्त्र प्रहरी बलमा एक एक वटा राष्ट्रियस्तरको खोज तथा उद्धार समूह गठन गरी साधन स्रोत सम्पन्न गर्ने ।
- विपद् व्यवस्थापनमा कार्यरत जनशक्तिलाई अन्तर्राष्ट्रियस्तरको तालिम प्रदान गर्ने ।
- नेपाल प्रहरीमा साधारणस्तरका ७ वटा खोज तथा उद्धार टोलीहरु गठन गर्ने ।
- जिल्लास्तरमा रहेका आपतकालिन कार्यसञ्चालन केन्द्रहरुलाई चौवीसै घण्टा सक्रिय तुल्याउने ।
- क्षेत्रीय स्तरमा विपद् उद्धार सामग्री भण्डार गरी आवश्यकतानुसार प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बीच समन्वय स्थापित गरी मुलुकभर खोज तथा उद्धारको प्रशिक्षणको व्यवस्था मिलाउने ।
- विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको समन्वयमा विपद् पूर्व चेतावनी प्रणाली (Early Warning System) को रणनीति बनाई कार्यान्वयनमा ल्याउने ।

### ३.७ सीमा व्यवस्थापन

**उद्देश्य**

क. सीमा अतिक्रमण रोकी व्यवस्थित गर्ने ।

ख. सीमामा हुने अपराध नियन्त्रण गर्ने ।

**कार्यक्रम**

- सशस्त्र प्रहरीको सीमा विभागलाई सक्षम बनाउन विशेष किसिमका सीमा व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्ने र सीमा निगरानीको अलग दस्ता बनाई नियमित अनुगमनको व्यवस्था गर्ने ।
- सीमा स्तम्भको क्रमाङ्क अनुसार तस्वीर खिच्ने र तिनीहरुको अवस्थाको बारेमा नियमित रुपमा गृह मन्त्रालयमा जानकारी गराउने ।
- सीमा गतिविधि, खम्बा र मानिसको आवतजावतको अनुगमन गर्न सीमा पोष्ट निर्माणको व्यवस्था गर्ने ।
- सीमाना व्यवस्थापन लगायत सीमानाबाट हुन सक्ने गैरकानूनी क्रियाकलापहरुलाई रोक्न परराष्ट्र मन्त्रालय, भूमिसुधार मन्त्रालय, नापी विभागसँग समन्वय गरी गृह मन्त्रालयमा एक प्रभावकारी संयन्त्रको निर्माण गर्ने ।

### ३.८ जिल्ला प्रशासन र सेवा प्रवाह

**उद्देश्य**

क. जिल्ला प्रशासन कार्यालयलाई स्थानीयस्तरमा नेपाल सरकारको प्रमुख प्रतिनिधि निकायको रुपमा स्थापित गर्ने ।

ख. स्थानीयस्तरमा हुने सेवा प्रवाहलाई जनमूखी, पारदर्शी र सुशासनयुक्त बनाउने ।

**कार्यक्रम**

- नागरिक बडापत्र अनुसार सेवा प्रवाहको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई विशेष रुपमा जिम्मेवार बनाउने ।
- शान्ति सुरक्षाको अवस्थाको पूर्वानुमान गरी आवश्यक भरपर्दो सूचना संकलन गरी स्थानीय प्रशासनलाई विशेष सहयोग गर्न राष्ट्रिय अनुसन्धान विभागको स्थानीय कार्य भूमिकालाई सक्रिय एवं प्रभावकारी बनाउने ।
- सार्वजनिक तथा निजी सम्पत्तिको तोडफोड गर्ने वा क्षति पुऱ्याउने जस्ता कार्यलाई पूर्ण रुपमा कानूनको दायरामा ल्याइनेछ र यस्ता कार्यलाई राजनीतिकरण गर्ने प्रयासलाई निरुत्साहित गर्ने ।
- जिल्ला प्रशासन कार्यालयहरुलाई आधुनिक उपकरणहरुबाट सुसज्जित बनाउने ।
- नागरिकताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, नाता प्रमाणपत्र, मुद्दाका फैसला आदिको अभिलेखलाई डिजिटाइज गर्ने प्रविधिको प्रयोग गर्दै लग्ने ।
- जिल्लाभरमा सञ्चालन हुने साना तथा ठूला परियोजनाको कार्यान्वयनको अवस्थाको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट नियमित अनुगमन तथा सूचना संकलनको व्यवस्था मिलाउने ।
- जिल्लामा सञ्चालन भएका आयोजना सञ्चालनमा स्थानीयस्तरमा हुने बिभिन्न प्रकारका अवरोधहरु हटाउन प्रमुख जिल्ला अधिकारीले सकृय भूमिका निर्वाह गर्ने व्यवस्था मिलाउने । प्रमुख जिल्ला अधिकारीलाई विकास योजना कार्यान्वयनमा सहजकर्ता तथा समन्वयकर्ताको रुपमा स्थापित गर्ने ।
- प्रमुख जिल्ला अधिकारीले बिभिन्न निकायबाट हुने सेवा प्रवाहको नियमित अनुगमन गर्ने र कुनै निकायमा सेवा प्रवाहमा कुनै किसिमको त्रुटी भएमा त्यसलाई तत्काल सच्याउन निर्देशन दिने र सो को नियमित जानकारी केन्द्रमा गराउने व्यवस्था गर्ने ।
- नियमित बजार अनुगमनको लागि सम्बन्धित निकायलाई निर्देशित गर्ने र बजार अनुगमनमा ती निकायहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
- नेपाल प्रहरीबाट सञ्चालित "मुस्कान सहितको प्रहरी सेवा" लाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन सबै सरकारी कार्यालयहरुमा "मुस्कान सहितको सरकारी सेवा" सञ्चालन गरिनेछ ।

## ३.९ मानव अधिकार संरक्षण तथा प्रबर्द्धन

**उद्देश्य**

क. सामाजिक कुरीतिहरु हटाई मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

ख. गृह प्रशासनभित्र मानव अधिकारमैत्री वातावरण निर्माण गर्ने ।

**कार्यक्रम**

- गृह मन्त्रालय र अन्तर्गत सञ्चालन हुने मानव अधिकार सम्बन्धी कृयाकलापहरुलाई एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्न एउटा मानव अधिकार कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ ।
- मध्य पश्चिम तथा सुदूर पश्चिमका जिल्लाहरुमा जातीय भेदभाव, सामाजिक कुरीति तथा महिलाहरु उपर हुने भेदभाव तथा हिंसा निर्मूल गर्न स्थानीय प्रशासनको अगुवाईमा नेपाल प्रहरी, सम्बन्धित अन्य निकाय तथा गैर सरकारी सँस्थाहरु समेतको सहभागितामा विशेष अभियान सञ्चालन गर्ने ।
- तराईका जिल्लाहरुमा हुने बोक्सी वा यस्तै कुरीतिहरुको कारण हुने महिला हिंसा नियन्त्रण गर्न स्थानीय प्रशासनको अगुवाईमा नेपाल प्रहरी, सम्बन्धित अन्य निकाय तथा गैर सरकारी सँस्थाहरु समेतको सहभागितामा विशेष अभियान सञ्चालन गर्ने ।
- महिला तथा बालबालिका बिरुद्ध हुने अपराध अनुसन्धानमा महिला प्रहरीको संलग्नता अनिवार्यता गर्ने । त्यसका लागि नपुग महिला दरबन्दी यथासीघ्र पदपूर्ति गर्ने ।
- नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा गृह प्रशासनमा हुने कुनै पनि प्रकारका काम कारबाहीमा मानव अधिकारको हननमा सुन्य सहनशीलताको नीति अवलम्बन गर्ने ।
- मदिराको कारण महिला हिंसा वा अन्य प्रकारका अपराध हुने क्षेत्रहरुमा मदिराको बिक्री वितरणमा नियन्त्रण गर्ने ।
- नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा रहेका मानव अधिकार इकाइहरुलाई सुदृढीकरण गर्ने ।
- यातना बिरुद्धको महासन्धित तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि अन्तर्गत बुझाउनु पर्ने आवधिक प्रतिवेदन यथासीघ्र बुझाउने ।
- यातायातका साधन तथा सार्वजनिक स्थलहरुमा हुने महिला उपरका हिंसा तथा दुर्व्यवहारलाई नियन्त्रण गर्न नेपाल प्रहरीले विशेष कार्यक्रम सञ्चालन गर्ने र यसका लागि सादा पोशाकमा प्रहरी समेत सञ्चालन गर्ने ।
- जिल्लामा मानव अधिकार सम्बन्धी कृयाकलापहरुलाई समन्वयात्मक तथा प्रभावकारी रुपमा सञ्चालन गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्लास्थित सम्बन्धित सरकारी कार्यालयहरु, स्थानीय निकाय गैर सरकारी सँस्था समेतको सहभागितामा प्रमुख जिल्ला अधिकारीको अगुवाईमा एउटा समन्वयन संयन्त्र निर्माण गरिनेछ ।

- जिल्ला प्रशासन कार्यालयमा मुद्दा सम्बन्धी काम गर्ने कर्मचारीलाई न्यायिक कार्यविधिका सम्बन्धमा पाँचै विकास क्षेत्रमा तालिम सञ्चालन गर्ने ।

### ३.१० कानूनी तथा नीतिगत सुधार

**उद्देश्य**

क. गृह प्रशासनसँग सम्बन्धित कानुनहरुमा समयसापेक्ष सुधार गरी अद्यावधिक गर्ने ।

ख. गृह प्रशासनसँग सम्बन्धित आवश्यक नयाँ कानुन निर्माण गर्ने ।

**कार्यक्रम**

- सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६५ गृह प्रशासन सुदृढीकरण योजना, २०६८समेतको आधारमा आवश्यकतानुसार थप अध्ययन समेत गरी गृह प्रशासनमा गर्नुपर्ने सुधार सम्बन्धमा नयाँ रणनीतिक योजना बनाई लागू गर्ने ।
- विवाह लगायतका सामाजिक कार्यहरुमा अनावश्यक तडक भडक गर्ने कार्यलाई नियन्त्रण र व्यवस्थित गर्ने उद्देश्यले तयार गरिएको सामाजिक व्यवहार सुधार विधयेक, २०७१ व्यवस्थापिका संसदमा दर्ता भैसकेकोले सो पारित गराई लागू गर्न आवश्यक पहल गर्ने ।
- विपद् व्यवस्थापन विधेयक, २०७१ को मसौदालाई यथासंभव छिटो मन्त्रिपरिषद्बाट स्वीकृत गराई व्यवस्थापिका संसदमा पेश गर्ने ।
- विशिष्ट व्यक्तिहरुको सुरक्षा सम्बन्धी विधेयक, २०७१ को मसौदा यथाशिघ्र व्यवस्थापिका संसदमा पेश गर्ने ।
- निजी सुरक्षा व्यवसायलाई नियमित गर्न बनेको विधेयक, २०७१ यथासीघ्र व्यवस्थापिका संसदमा पेश गर्ने ।
- प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाका शर्तहरुको निर्धारण ऐनद्वारा नै गर्ने गरी नयाँ प्रहरी ऐनको मसौदा तयार गरी व्यवस्थापिका संसदको हिउँदे अधिवेशनमा पेश गर्ने ।
- लोकसेवा आयोगबाट स्वीकृत सामान्य सिद्धान्तको आधारमा नयाँ सशस्त्र प्रहरी बल नियमावली स्वीकृत गरी लागू गर्ने ।
- लागू औषध नियन्त्रण ऐन, केही सार्वजनिक अपराध र सजाय ऐन, हातहतियार खरखजाना सम्बन्धी ऐन जस्ता ऐनहरुलाई समयानुकुल संशोधनको कारबाही अघि बढाउने ।
- सजाय माफी मिनाहा तथा कम गर्ने सम्बन्धी कार्यविधिलाई समयानुकुल परिमार्जन गर्ने ।

### ३.११ गृह मन्त्रालय र अन्तर्गत निकायहरुको संस्थागत सुधार

**उद्देश्य**

क. गृह मन्त्रालय र अन्तर्गत निकायहरुको संगठन तथा व्यवस्थापन अध्ययन गरी पुनर्सरचना गर्ने ।

ख. गृह मन्त्रालय र अन्तर्गत निकायहरुको भौतिक अवस्था सुधार गर्ने ।

ग. गृह मन्त्रालय र अन्तर्गत निकायहरुमा सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाउने ।

**कार्यक्रम**

- गृह मन्त्रालयको लागि नयाँ भवन बनाउने कार्य अघि बढाउने ।
- जिल्ला प्रशासन कार्यालयहरुको संस्थागत संरचनामा आवश्यक सुधार गर्ने ।
- जिल्ला प्रशासन कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग गरी जनतालाई सेवा प्रवाह गर्ने कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउने ।
- जिल्ला प्रशासन कार्यालयहरुलाई सुधार कार्यको निमित्त प्रोत्साहित गरी मुल्यांकन सम्बन्धी निश्चित मापदण्ड बनाई प्रत्येक वर्ष एउटा सर्वोत्कृष्ठ र प्रत्येक विकास क्षेत्रबाट एक एक वटा उत्कृष्ट जिल्ला प्रशासन कार्यालयको छनौट गरी पुरस्कृत गर्ने परिपाटीको थालनी गर्ने ।
- मुलुकभरी संभाव्य स्थानहरुमा सेवा केन्द्रहरु स्थापना गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाई सेवा प्रवाहलाई छिटो, छरितो र सहज बनाउने ।
- जिल्ला प्रशासन कार्यालयको भवन निर्माण सेवामैत्री हुने गरी निर्माण गर्ने । जनसंख्याको आधारमा इलाका प्रशासन कार्यालयको स्तरबृद्धि गरी सेवा प्रवाहलाई जनताको घर दैलोमा नै पुऱ्याउने कार्यको थालनी गर्ने ।
- शान्ति सुरक्षा, सेवा प्रवाह तथा मानव अधिकारको संरक्षणका आधारमा मुल्यांकन सम्बन्धी निश्चित मापदण्ड बनाई प्रत्येक वर्ष उत्कृष्ट जिल्ला प्रशासन कार्यालय/ प्रहरी कार्यालयलाई छनौट गरी पुरस्कृत गर्ने परिपाटीको थालनी गर्ने ।
- अपराध नियन्त्रण र सीमा सुरक्षाका दृटिले उत्कृष्ठ कार्य गर्ने एउटा सर्वोत्कृष्ठ र प्रत्येक विकास क्षेत्रबाट एक एक वटा उत्कृष्ट सशस्त्र प्रहरी बल कार्यालयको छनौट गरी पुरस्कृत गर्ने परिपाटीको थालनी गर्ने ।
- राष्ट्रिय अनुसन्धान विभागको पुनर्सरचना सम्बन्धमा एउटा अध्ययन कार्यदल बनाई त्यसको अध्ययनको आधारमा यसको पुनर्सरचनाको काम अघि बढाइनेछ ।

## (ख) कार्ययोजनाको कार्यान्वयन

### ३.१ कार्यान्वयन विधि

- प्रस्तुत कार्ययोजनाको कार्यान्वयन गर्नु गृह प्रशासन मातहतका केन्द्रीय तथा स्थानीय निकायहरुको प्रमुख दायित्व हुनेछ ।

- प्रस्तुत कार्ययोजना स्वीकृत भएको एक महिनाभित्र मन्त्रालयका सम्बद्ध महाशाखाले मातहत निकायहरु नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, अध्यागमन विभाग तथा कारागार व्यवस्था विभागबाट कार्ययोजना कार्यान्वयनको निमित्त गरिने कार्यहरु, त्यसका लागि जिम्मेवार कार्यालय तथा अधिकारी, कार्यान्वयनको समयबद्ध कार्यतालिका, आवश्यक साधन स्रोत सहितको विस्तृत कार्यान्वयन कार्यतालिका प्राप्त गरी अन्तिम कार्ययोजना बनाई पेश गर्नुपर्नेछ ।
- कार्ययोजना कार्यान्वयनमा सरोकारवाला सरकारी निकायको पहिचान गरी तिनीहरुबाट अपेक्षित सहयोग स्पष्ट गरिनेछ ।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक देखिएका विषयमा नेपाल सरकार, म.प. कोस्वीकृति प्राप्त गरिनेछ ।
- यस कार्ययोजनालाई कार्यान्वयन गर्न राजनीतिक दल, स्थानीय व्यक्ति, संघ संस्था एवं नागरिक समाजको समेत सहयोग प्राप्त गरिनेछ ।
- यस कार्ययोजनाको कार्यान्वयनलाई सम्बन्धित कर्मचारीको कार्यसम्पादन मुल्यांकनसँग आबद्ध गर्ने ।

### ३.२ **बजेट व्यवस्था**

कार्ययोजनाको कार्यान्वयनका लागि यथासम्भव हाल उपलब्ध बजेट उपयोग गरिनेछ । कुनै खास प्रकृतिको कार्यका लागि कुनै निकायलाई थप बजेट आवश्यक परेमा सोको व्यवस्था गर्न सम्बन्धित निकायहरुले समयमै बजेट माग गरी कार्ययोजना कार्यान्वयन गर्नुपर्नेछ ।

### ३.३ **अनुगमन व्यवस्था**

कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन योजना तथा नीति महाशाखाबाट गरिनेछ । कार्ययोजना कार्यान्वयनको नियमित समिक्षाको व्यवस्था गरिनेछ । साथै प्रत्येक निकायले कार्ययोजनामा उल्लेख भएका आफ्नो निकायसँग सम्बन्धित विषयको कार्यान्वयनको अनुगमन तथा समिक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।